# चन्द्रागिरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाण्डौ

३ नं. प्रदेश नेपाल

फोन नं : ०१-४३१५७६६


प.सं. :- ०८३/०८४

च.नं. :- १०६२४

मिति : २०७४/०३/१३

बिषय: सामाजिक सुरक्षा भत्ता सम्वन्धमा ।

श्री वडा कार्यालय (सवै)
चन्द्रागिरि नगरपालिका

प्रस्तुत विषयमा केन्द्रिय पञ्जीकरण विभाग, ववरमहल, काठमाडौंको प.स. २०७३/०७४ च.नं. १००१ मिति २०७४/०३/९ को पत्रको प्रतिलिपी थान १ यसैसाथ संलग्न छ, पत्रमा उल्लेखित बुंदाहरू अध्ययन गरी सोहि अनुसार हुन अनुरोध छ ।

कृष्ण प्रसाद जैसी
(कार्यकारी अधिकृत)

कृष्ण प्रसाद जैसी
कार्यकारी अधिकृत

नेपाल सरकार
## सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
# केन्द्रीय पञ्जीकरण विभाग

पत्र संख्या: २०७३।०७४
चलानी नम्बर: १००९

फो.नं. ०१४२५७७८३
फ्याक्स : ०१४२५८२४०

मिति : २०७४।०३।०९

श्री जिल्ला समन्वय समितिको कार्यालय सबै
श्री महानगरपालिका कार्यालय सबै
श्री उप-महानगरपालिका कार्यालय सबै
श्री नगरपालिका कार्यालय सबै
श्री गाउँपालिका कार्यालय सबै

विषय : सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गर्ने सम्बन्धमा ।

२०७३।७४ को नेपाल सरकारको बजेट वक्तव्यमा सबै प्रकारको सामाजिक सुरक्षा भत्ता बैंक खाता खोली वितरण गरिनेछ भनी संसदमा घोषण पश्चात त्यसको कार्यन्वयन गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३।०५।३१ को सचिव स्तरीय निर्णयानुसार देहाय अनुसारको निर्णय बारे त्यस निकायलाई अवगत भएकै होला तसर्थ निम्नानुसार गर्न गराउन हुन अनुरोध छ ।

१। प्रथम चरणमा सबै नगरपालिका तथा जिल्ला सदरमुकाम स्थित गाउँपालिकामा बैंकमा खाता खोली भत्ता वितरण गर्ने गराउने ।

२। तत पश्चात बैंकिङ्ग सुविधा भएका गाउँपालिकामा पनि सोही अनुसार व्यवस्था गर्दै जाने । उक्त कार्य गर्न स्थानीय तह तथा स्थानीय बैंक बीचको सहकार्य गरी व्यवस्था गर्ने । केन्द्रीय पंञ्जीकरण विभागको पहलमा बैंक मार्फत भत्ता वितरण गर्न नसकेको लाभग्राहीहरुलाई भत्ता उपलब्ध गराउन नीति तथा निर्देशनको लागि नेपाल राष्ट्र बैंक तथा अर्थ मन्त्रालयको प्रतिनिधि रहने संघीय मामिला तथा स्थानीय विकास सचिवज्यूको संयोजकत्वमा रहेको निर्देशन समिति गठन भएको छ । त्यस समितिबाट बाट रणनीति तथा अन्य विषयमा व्यवस्था गरी बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्न गराउन बैंकलाई अग्रिम भुक्तानी लगायत बारे गृहकार्य भईरहेकोछ । जहाँ बैंक मार्फत भत्ता दिन संवभ छैन पारदर्शी व्यवस्था गरी नगद वितरण गर्दा अनुगमन गर्ने व्यवस्था मिलाई यस आर्थिक वर्षको सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई तोकिएको समयमा सम्पन्न गर्ने ।

३। यस आर्थिक वर्षको भत्ता वितरण बारे २०७४ श्रावण भित्र वडा स्तरमा सार्वजनिक सुनुवाई गराई सहजीकरण गर्न गराउनहुन जिल्ला समन्वय समितिलाई समेत अनुरोध गरिएको छ ।

४। वडा स्तरमा सार्वजनिक सुनुवाई गर्दा देहायको विषयमा ध्यान दिन हुन :-

- सामाजिक सुरक्षा भत्ता पाउने सबैको नाम Website, स्थानीय पत्रिका, वार्षिक पुस्तिका, सुचना पाटी आदिमा सार्वजनिक गर्ने ।
- समयमा लगत कट्टाको वार्षिक विवरण बारे सबैलाई अवगत गराउने र सबैलाई बैंक मार्फत भत्ता वितरण लगायतको विषयमा जानकारी गराउने ।
- सामाजिक सुरक्षा भत्ता वितरण गरेको प्रत्येक चौमासिकको प्रगति र वार्षिक प्रगति विवरण समयमा विभागमा पठाउने ।
- स्थानीय स्तरका समस्याको समाधान गर्दै सामाजिक सुरक्षा भत्ता वितरण बारे विभागलाई सुझाव भए सो समेत पठाउने ।
- आफ्नो स्थानीय तहको MIS Data Entry गर्न बाँकी भए तत्काल सम्पन गर्ने ।
- आगामी आर्थिक वर्ष देखि सबै स्थानीय तहमा अख्तियारी छुट्टा-छुट्टै पठाउने भएकोले सोही अनुसारको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको अभिलेख अध्यावधि गरी अनुसूची यथाशिघ्र पठाउने ।
- राम्रो काम गर्ने स्थानीय कर्मचारीलाई स्थानीय तहबाट सम्मानित गर्ने ।
- उक्त भेलामा जेष्ठ नागरीक वा प्रतिनिधि लगायत सरोकारवालालाई आमन्त्रित गरी कार्यक्रम सम्पन्न भए पश्चात यस विभागमा जानकारी गराउने ।
- २०७४ श्रावण १ गते देखि २०७४ मंसिर १५ गते सम्म आफ्नो नगरपालिका तथा गाउँपालिकाका वडा स्तरमा सार्वजनिक सूचना प्रकाशित गरी २०७५ फागुन मसान्तसम्म उमेर पुग्ने जेष्ठ नागरिकहरुको निवेदन मागगरी लाभग्राहीको लगत संकलन गर्ने ।
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ (संशोधन सहित) मा व्यवस्था भए अनुसार गर्ने । उक्त कार्यविधिमा स्थानीय तहको जिम्मेवारी निर्धारण बारे विभागबाट कार्य भईरहेको अवगत गराउने र सुझाव भए लेखि पठाउने ।

अनिल कुमार ठाकुर
महानिर्देशक

**बोधर्थ :-**
श्री स्वायत्त शासन महाशाखा
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय